# एघारौं नगरसभाको बैठकमा कालिका नगरपालिका उपप्रमुखले प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य

कालिका नगरपालिका
२०७९

सभाका सभाअध्यक्ष तथा सदस्यज्यूहरु,

कालिका नगरपालिकको यस गरिमामय नगरसभाको बैठकमा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्न उभिएको छु। यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागी विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू तथा निरंकुशताको विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने राजनैतिक दलका स्वर्गीय नेताहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

नगरपालिकाको स्थापना देखी हालसम्म कठिन चुनौतीको सामना गर्दै समृद्ध कालिकाको लागि अगुवाई गर्नुहुने आदरणीय संस्थापक जनप्रतिनिधिज्युहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई नगरपालिकाको गहन जिम्मेवारी शुरु गर्दै गर्दा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्तुत गरेको छु । यस अवस्थामा समृद्ध र अनुकरणीय कालिका नगरपालिका निर्माण गर्ने संकल्प गर्दै नयाँ सोचका साथ विकास निर्माणलाई अघि बढाई नगरवासीलाई सुखी बनाउने र भविष्य प्रति आशा जगाउने गरी बजेट तर्जुमा भएको छ ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान र कानूनहरू,स्थानिय सरकार सञ्चालन ऐन, प्रदेश कानूनहरु, कालिका नगरसभा र कार्यपालिकाले पारित गरेका कानूनहरु, नगरसभाले पारित गरेको नीति तथा कार्यक्रम, आर्थिक र विनियोजन विधेयक, पन्ध्रौं योजना र दिगो विकासको स्थानीयकरणलाई आधार बनाएको छु। बजेट तर्जुमाको सिलसिलामा राजस्व परामर्श समिति, वडा समिति,विषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, संस्थापक जनप्रतिनिधि, राजनीतिक दल, संघ संस्था एवं समाजका विद्धत वर्ग लगायत सबैबाट प्राप्त सुझावलाई समेत ध्यान दिईएको छ ।

अध्यक्ष महोदय,

अब म विगत बर्षहरुमा नगरपालिकाले गरेका मुख्य मुख्य कार्य र उपलव्धीहरुको बारेमा समीक्षा गर्न चाहन्छु । कृषि क्षेत्रलाई आर्थिक विकासको प्रमुख संवाहकको रुपमा लिई कृषकहरुलाई कृषि सामग्री, यान्त्रिक उपकरण खरिद, मल बिउ वितरणमा अनुदानका साथै प्राविधिक सहयोग उपलब्ध गराउने नीतिको परिणामस्वरुप कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि भएको छ । साथै

पशुजन्य उत्पादनमा समेत वृद्धि हुन गई नगरपालिका कृषि र पशुमा आत्मनिर्भर हुने दिशामा अघि बढेको छ । मुख्य वालीहरुको उत्पादन उल्लेख्य मात्रामा वृद्धि भएको छ भने हरियो तरकारी, च्याउ, केरा, मह र दुध जिल्ला बाहिर समेत निर्यात भएको छ ।
लघु उद्यम कार्यक्रम तथा प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता परियोजनाहरु मार्फत उद्यमशिलता विकास र रोजगारी प्रवर्द्धन कार्यमा टेवा पुगेको छ ।

अधिकांश चेपाङहरुको वस्ती रहेको पहाडी विकट क्षेत्र सिद्धिलाई नगरपालिकाको शहरी क्षेत्रसंग जोड्ने सडक पुल निर्माण सम्पन्न भएका छन् । झोलुङ्गे पूल र नगरक्षेत्रका अन्य स्थानमा कलभर्ट निर्माण तथा विस्तारको कार्यहरु सम्पन्न हुने चरणमा रहेका छन् ।

नगरपालिकाको मुख्य प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेकोले आगामी आर्थिक वर्षदेखी सोही भवनबाट कार्यालयको सेवा सञ्चालन हुने कुरा जानकारी गराउदँछु ।
सामुदायिक विद्यालयहरुको भौतिक संरचनाहरु निर्माणमा उल्लेखनीय सफलता हासिल भएको छ । स्वास्थ्य सेवा नगरबासीको पहुँच सम्म विस्तार भएको छ । कालिका नगर अस्पताल र स्वास्थ्य चौकीहरुमा थप स्वास्थ्य सुबिधा तथा प्रयोगशाला परिक्षण सेवाहरु बिस्तार भएका छन् । कालिका नगरपालिका क्षेत्र भित्रमा अधिकांश सडकहरु कालोपत्रे भई स्तरोन्नती भएका छन् । यी सबै प्रगति हुदाँहुदैं पनि खासगरी शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य सेवाहरुको निरन्तरता, पूर्वाधारहरुको दिगोपना,फोहोरमैला व्यवस्थापन एवं कृषिको दिगो विकास गर्ने विषयहरुमा सन्तोषजनक प्रगति हासिल गर्न सकिएको छैन । आगामी बजेट तर्जुमा गर्दा कृषि उत्पादन र उत्पादकत्व बढाउने, शैक्षिक गुणस्तर कायम गर्ने एवं अधुरा पूर्वाधारका योजनाहरु सम्पन्न गर्ने तर्फ ध्यान दिईएको छ ।

अव म कालिका नगरपालिकको चालु आर्थिक वर्षको २०७८\७९ को आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समिक्षा गर्न चाहन्छु ।

चालु आर्थिक वर्षमा रु ३ करोड ३० लाख राजश्व सङ्कलन हुने अनुमान गरिएकोमा जेष्ठ मसान्त सम्म रु २ करोड ४८ लाख ६८ हजार प्राप्त भएको छ ।

चालु आर्थिक वर्षको अन्त्य सम्ममा रु ३ करोड आन्तरिक स्रोत संङ्कलन हुने संशोधित अनुमान पेश गरेको छु ।

चालु आर्थिक वर्षमा नगरपालिकाको कुल खर्च रु ९२ करोड ६५ लाख ३३ हजार हुने अनुमान गरिएकोमा संघीय सरकार तथा प्रदेश वाट थप बजेट प्राप्त भई रु ९५ करोड ९१ लाख १६ हजार कायम भएको छ । चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म चालु तर्फ रु ४० करोड २७ लाख ४७ हजार मध्ये रु ३० करोड ९२ लाख ३० हजार अर्थात ७४.९२ प्रतिशत खर्च र पूँजिगत तर्फ ५४ करोड ६३ लाख ६९ हजार मध्ये रु २५ करोड २५ हजार अर्थात ४५.७६ प्रतिशत खर्च भएको छ ।

सभाका अध्यक्ष्य तथा सदस्यज्यूहरु

आगामी आर्थिक वर्षका लागि कूल बजेट रु. ८५ करोड ९७ लाख ५१ हजार मात्र अनुमान प्रस्ताव गरेको छु ।

प्रस्तावित कुल बजेट मध्ये सङ्घीय सरकारको समानीकरण अनुदान रु १५ करोड ५६ लाख, शशर्त अनुदान रु २३ करोड ९२ लाख, विशेष अनुदान रु १ करोड, राजस्व बाँडफाँड ११ करोड ६० लाख ४ हजार, समपुरक अनुदान रु १ करोड गरी रु ५२ करोड ६८ लाख ४ हजार हुनेछ । साथै प्रदेश सरकारको समानीकरण अनुदान रु १ करोड ४९ लाख ५४ हजार, शशर्त अनुदान रु २ करोड ३९ लाख ६६ हजार, राजस्व बाँडफाँड ५ करोड ५० लाख २९ हजार, समपुरक अनुदान रु २ करोड ९९ लाख ९८ हजार गरी रु १२ करोड ३९ लाख ४७ हजार खर्च हुने अनुमान गरेको छु । आन्तरिक आय तर्फ रजिष्ट्रेशन शुल्क र नदीजन्य राजश्व बाँडफाँड समेत गरी रु ८ करोड ५० लाख प्रस्ताव गरेको छु । त्यसैगरी जिल्ला समन्वय समितिबाट रु १ करोड, सडक बोर्डबाट रु ४० लाख प्राप्त हुने तथा नगद मौज्दात करिब रु १० करोड हुने अनुमान गरेको छु । नगरपालिकाको बजेट शिर्षकगत खर्च विवरण सम्मानित सभामा पेश गरेको कुरा जानकारी गराउँदछु ।

आगामी आर्थिक वर्षको अनुमानित आय व्यय विवरण, आर्थिक विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ यसै सभामा पेश गरेको छु ।

आगामी वर्ष वडास्तरमा तर्जुमा भएका वडास्तरीय योजनाहरुको कार्यान्वयनका लागि जनसंख्या, भुगोल, राजस्व परिचालनको स्थिति तथा विकटता समेतलाई आधार मानेर एकमुष्ठ रु ९ करोड विनियोजन गरेको छु ।

नगरक्षेत्रमा सम्भावित वाढी, पहिरो, भू क्षय, भुकम्प, हावाहुरी जस्ता प्रकृतिक विपत्तीबाट धनजनको क्षति न्यूनिकरण गर्न तथा पिडित प्रभावितको राहत उद्धार,पुनस्थापना एवं पुनर्निमाणको लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

निर्माण सम्पन्न भएका पूर्वाधारको उपयोग र दिगो व्यवस्थापनका लागि मर्मत सम्भार कोष स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु । मर्मत कोषको सञ्चालनका लागि २०७९ असोज मसान्तभित्र कार्यबिधि तयार गरी लागू गरिनेछ ।

परम्परागत एवं निर्वाहमुखी कृषि तथा पशुपालनलाई व्यवसायिकरण गर्दै कृषि तथा पशुपन्छीजन्य उत्पादन बढाउन प्राथमिकता दिएर बजेट विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षको बजेट निर्माण गर्ने क्रममा सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु कर्मचारीहरु राजनीतिक दलका प्रतिनधिहरु लगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

# कालिका नगरपालिका
## आ ब २०७९/८० को अनुमानित आय ब्यय

| आय तर्फ | | | ब्यय तर्फ | | |
|---|---|---|---|---|---|
| क्र.स. | विवरण | अनुमानित रु | क्र.स. | विवरण | अनुमानित रु |
| | संघिय सरकार | | १ | प्रसाशनिक खर्च चालु तथा पुँजिगत खर्च | १२५०००००० |
| | क. सामानिकरण अनुदान | १५५६००००० | २ | सशर्त कार्यक्रम संघ सरकार | २३४२००००० |
| | ख. सशर्त अनुदान | २३४२००००० | ३ | समपुरक अनुदान कार्यक्रम संघ | २०००००००० |
| | ग.विषेश अनुदान | १०००००००० | ४ | विषेश अनुदान कार्यक्रम संघ | १०००००००० |
| | घ. राजस्व बाँडफाड | ११६००४००० | ५ | समपुरक अनुदान कार्यक्रम प्रदेश | ५९९९६००० |
| | ङ. समपुरक अनुदान | १०००००००० | ६ | सशर्त कार्यक्रम प्रदेश सरकार | २३९६६००० |
| | च. खानी तथा खनिज रोयल्टी | ५०००००० | ७ | वडा तर्फको योजना तथा कार्यक्रम | ९०००००००० |
| १ | च.बन रोयल्टी | ५०००००० | ८ | क्रमागत योजना तथा कार्यक्रम | ११०००००००० |
| | प्रदेश सरकार | | ९ | जनसहभागीता फिर्ता | १०००००००० |
| | क. सामानिकरण अनुदान | १४९५४००० | १० | विपद व्यवस्थापन कोष | १५०००००० |
| | ख. सशर्त अनुदान | २३९६६००० | ११ | सामाजिक विकास | |
| | ग. राजस्व बाँडफाड | ५५०२९००० | १२ | आर्थिक विकास | |
| २ | घ. समपुरक अनुदान | २९९९८००० | १३ | पुर्वाधार विकास | |
| | आन्तरिक आय | | १४ | संस्थागत क्षमता विकास | ११५५८९००० |
| | क. वडा र राजस्व शाखा बाट | ३५०००००० | १५ | प्रसाशनिक भवनको बाकी र व्यवस्थापन | ३०००००००० |
| | ख. रजिस्ट्रेसन शुल्क मालपोत | ४०००००००० | १६ | विविध सार्वजनिक निर्माण | १०००००००० |
| ३ | ग. राजस्व बाँडफाड(खोला जन्य) | १०००००००० | १७ | सडक वोर्ड कार्यक्रम | ६०००००० |
| ४ | जि स स | १०००००००० | | जम्मा | ८५९७५१००० |
| ५ | सडक बोर्ड | ४०००००० | | | |
| ६ | जनसहभागीता | १०००००००० | | | |
| ७ | नगद मौजाद (अ ल्या) | १००००००००० | | | |
| | कुल जम्मा | ८५९७५१००० | | | |